

# अध्याय -१०

## सुसमाचार नपुगेको ठाउँमा सुसमाचार पुऱ्याउनुः भाग १

यस अध्यायका मूल पदहरूः प्रेरित १७; १ कोरन्थी २:२ र रोमी १:१८-२५।

<u>यस अध्यायको मूल सार पदः</u> ***"परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न।" प्रेरित १७:२४।***

एथेन्समा पावलले के गरे भनेर लेख्दै लूकाले भन्दछन् "यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँग चाहिँ बजारमा दिनहुँ तर्क गर्थे।" प्रेरित १७:१७।

आफ्नै जाति यहूदीहरुसँग काम गर्न पावललाई धेरै सजिलो हुन्थ्यो होला। तर आफ्नै जातिको बीचमा मात्रै काम गर्न उनलाई सन्तुष्ट थिएन। केवल यहूदीको निम्तिमात्र होइन अन्य जातिको निम्ति काम गर्न पनि उनलाई बोलाइएको थियो।

वा परमेश्वरको भय मान्ने र भगवानमाथि विश्वास गर्नेहरूको बीचमा उनी काम गर्न सक्थे। संसारको बारेमा तिनीहरूको दृष्टिकोण परिवर्तन गर्न सकिन्थ्यो। तिनीहरूमा केही हदसम्म बाइबलले सिकाएको धार्मिक प्रवृत्ति भएकोले त्यसैमा आधारित गरेर उनले सिकाउन सकिन्थ्यो होला। तिनीहरूले

मान्नुपर्ने परमेश्वर येशू मसीहको बारे जान्ने आवश्यकतालाई महसुस गरेर तिनीहरुले मानेका भगवान उहाँ नै हुनुहुन्छ भनेर उनले औंल्याउन सक्थे।

तर अहँ। एथेन्सका बुद्धिजीवीहरू दर्शनशास्त्रका ज्ञाता भएको भनेर प्रख्यात थियो। तिनीहरूलाई पनि येशूको ज्ञान चाहिन्छ भनेर उनले सोचेका थिए। तिनीहरूमा धेरै जसो यहूदीहरूभन्दा अत्यन्तै फरक पृष्ठभूमिका मानिसहरू थिए। संसारको सृष्टि र संसारको बारेमा विलकुल फरक दृष्टिकोण थियो। एथेन्सबासीहरूलाई बाइबलमा आधारित विश्वास सिकाउनेपर्ने आवश्यकता भएको उनले महसुस गरेका थिए।

*ती मानिसहरूकहाँ पुग्न उनले कसरी प्रयास गरे र उनको प्रयासबाट हामी के सिक्न सक्छौं?*

## १. एथेन्समा हिब्रू वा यहूदीहरूको बीचमा

**पावलले आफ्नो यात्रा एथेन्स सहरमा कसरी सम्पन्न गरेका थिए? त्यहाँ उनले के अनुभव गरेका थिए र त्यसको सामना उनले कसरी गरेक थिए? हेर्नुहोस् " पावल र सिलास अम्फिपोलिस र अपोल्लोनियाको बाटो भएर थेसलोनिकेमा आए। त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो। पावल आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र गए, र तीन सातासम्म धर्मशास्त्रबाट तिनीहरूसँग बहस गर्दैरहे। "ख्रीष्टलाई अवश्य दुःख भोग्नु र मृतकबाट जीवित हुनुपर्थ्यो, र यी नै येशू, जसको सुसमाचार म तपाईंहरूलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ" भन्ने कुराको अर्थ खोलिकन तिनले प्रमाणित गरिदिए। तिनीहरूमध्ये कति जना विश्वास गरेर पावल र सिलासतर्फ लागे। ठूलो संख्यामा ईश्वरभक्त ग्रीकहरू र कतिपय प्रमुख महिलाहरू पनि लागेका थिए। तर डाहले भरिएर यहूदीहरूले बजारका बदमाशहरूलाई जम्मा गरी हूल उठाएर सहरमा खैलाबैला मच्चाउन लाए, अनि यासोनको घरमा हमला गरेर पावल र सिलासलाई जनताको सामुन्ने ल्याउन खोजे। तिनीहरूलाई फेला पार्न नसक्दा, उनीहरूले यासोन र कुनै-कुनै भाइहरूलाई सहरका शासकहरूकहाँ यसो भनेर कराउँदै घिस्स्याएर ल्याए, "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन्। तिनीहरू यासोनका पाहुना भएका छन्, र तिनीहरू सबैले येशू भन्ने एक जना अर्कै राजा छन् भनेर कैसरका हुकुमको विरुद्ध काम गर्दछन्।" यो कुरा सुनेर मानिसहरू र**

**सहरका शासकहरू आत्तिए। उनीहरूले यासोन र तिनका साथमा भएका बाँकी मानिसहरूसँग धरौटी लिएर तिनीहरूलाई छोडिदिए।**

**भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्‍वास गरे। तर जब परमेश्‍वरको वचन पावलद्वारा बेरियामा पनि प्रचार भइरहेको छ भन्ने थेसलोनिकेका यहूदीहरूले थाहा पाए, तब उनीहरू त्यहाँ पनि भीड़हरूलाई उचाल्न र उक्साउन आइपुगे। तब भाइहरूले तुरुन्तै पावललाई समुद्रपट्टि पठाइदिए। तर सिलास र तिमोथीचाहिँ त्यहीं नै बसे। पावललाई पुर्‍याउन जानेहरूले तिनलाई एथेन्ससम्म ल्याए। सिलास र तिमोथीचाहिँ जति सक्दो चाँड़ै तिनीकहाँ आउनुपर्छ भन्ने आज्ञा पाएर तिनीहरू फर्के। पावलले तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल भयो।" प्रेरित १७:१-१६।**

एथेन्स सहर मूर्ति र मन्दिरै मन्दिरले भरिएको थियो (प्रेरित १७:१६)। पावललाई आफ्नो देशको इतिहास थाहा थियो। आफ्ना मानिसहरूले मूर्तिपूजा गर्दा परमेश्वरले घोर आपत्ती जनाउनुभएको थियो। इस्रायलीहरुलाई मूर्तिपूजा नगर्न प्रभुले बारम्बार चेतावनी दिनुभएको थियो। त्यसैलाई मध्यनजर राखेर एथेन्समा भएका मूर्ति र मन्दिरहरूलाई देखेर पावल धेरै दुःखित भएका थिए। तर ती एथेन्सबासीहरूप्रति उनको करुणा ठूलो थियो। यदि तिनीहरूले सृष्टिकर्ता सत्य सनातन परमेश्वरतिर फर्केनभने तिनीहरू तिनीहरूको पापमै मर्नेछन् भनेर उनलाई थाहा थियो।

हुन त आज पनि कतिपय सहरहरूमा पावलले देखेका जस्ता कतिपय मूर्तिहरू नहोलान् तर नभएको त होइन। दुर्भाग्यवस, येशूका धेरै विश्वासीहरू ती मन्दिर वा मूर्तिहरूलाई पन्छाएर वा ती मूर्तिहरूकै बीचबाट हिंड्न सक्छन्। ती मूर्ति वा मन्दिरप्रति तिनीहरू ख्याल नराख्ला। तर पावलले पवित्र आत्मको आवाजलाई सुनेर केही न केही गर्नुपर्छ भनेर ठोकुवा गरेका थिए। त्यस समय कति इसाई भनाउँदाहरुले पनि सुसमाचार सारा संसारको निम्ति होइन भनेर

विश्वास गरिरहेका थिए। तर एथेन्सबासीहरू समेत संसारको प्रत्येक मानिसले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना हो भनेर पावलले विश्वास गरेका थिए। विश्वव्यापी सुसमाचार प्रचार गर्ने लक्ष्य संसारको प्रत्येक मानिस जो सुसमाचार सुन्नबाट बंचित छन् उसले सुन्नुपर्छ भन्ने धारणमा पावल लागेका थिए। चाहे मूर्ति पूजकहरू होस् वा एथेन्सका सडकहरूमा भरिएका दर्शनशास्त्रीहरू होस्, सबैले सुसमाचार सुन्ने हकबाट बञ्चित हुनुहुन्न भन्ने उनको धारणा थियो।

पावल, त्यसकारण, एथेन्सको बजारमा बराबर जान्थे जहाँ मानिसहरूको जमघट हुन्थ्यो। हामी यो भन्न सक्छौं कि पावलले ग्लोबल मिशन स्टडी सेन्टर वा विश्वसुसमाचार प्रचार गर्ने केन्द्रको पहिलो अखडा एथेन्समाम खोलेका थिए। मूर्तिपूजा गर्ने मानिसहरूका हृदय र दिमागहरूमा कसरी पुग्ने भन्ने तरिका अध्ययन गर्न र प्रयोग गर्न त्यस सहरको बजारलाई प्रयोगशाला बनाएका थिए।

परमेश्वरको भय मान्ने अन्य जाति र यहूदीहरूलाई जस्तै सुसमाचार प्रचार गर्न सकिन्दैन भनेर पावललाई थाहा थियो। एथेन्सका मानिसहरू इस्राएलको परमेश्वर र उहाँका कामहरूको बारेमा चासो थिएन। त्यसकारण, सिधै परमेश्वरको बारेमा चर्चा गर्दा वा सुनाउँदा तिनीहरूले सुन्दैनन् भन्ने कुरो पावललाई थाहा थियो। परमेश्वरलाई विश्वास नगर्ने तर उहाँको अस्तित्वलाई कुनै न कुनै रूपलाई विश्वास गर्ने अन्य जाति र यहूदीहरुको निम्ति उहाँको अस्तित्वको बारेमा श्रद्धा भएतापनि एथेन्सका मानिसहरूको निम्ति अपार परमेश्वर अर्थ न बर्थको हुन्छ भन्ने कुराप्रति पावल संवेदनशील थिए। त्यसकारण, तिनीहरूको हृदयमा परमेश्वरको बारेमा अड्डा जमाउन पूरै नयाँ तरिका अपनाउनुपर्ने आवश्यकता भएको उनले महसुस गरेका थिए।

आज पनि, यहूदी वा इसाई पृष्ठभूमि नभएका मानिसहरूकहाँ सुसमाचार लिएर जाने हाम्रो अथक प्रयास छ। त्यसकाण, सुसमाचार सुनाउन पावलले जस्तै सृजनात्मक तरिकाहरू अपनाउन हामीलाई जरुरी छ। यो ख्याल गर्नुपर्छ कि एक देश वा समाजमा प्रयोग गर्ने तरिका अर्को ठाउँमा उपयुक्त नहुन सक्छ।

***तपाईंको समाजका मानिसहरू कस्तो खालका मूर्तिहरू पूजा गरिरहेकाछन् ? ती सबै बेकारका हुन् भनेर तिनीहरूलाई कसरी बुझाउने?***

## २. आरियोपागसमा पावल

पावल जहाँ भएतापनि परमेश्वरले दिनुभएको आदेश अनुसार सुसमाचार प्रचार गर्ने लक्ष्यमा उनी कतिपद्ध थिए। एथेन्समा पनि त्यही गर्न उनले प्रयास गरेका थिए।

**जब मूर्ति पूजा गर्ने मानिसहरूले बजारमा पावलको बोली र प्रश्न सुने तब तिनीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्,"पावलले तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल भयो। यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँग चाहिँ बजारमा दिनहुँ तर्क गर्थे। इपिक्युरी र स्तोइकी दार्शनिकहरूमध्ये पनि कतिले तिनीसँग वाद-विवाद गरे। उनीहरू कतिले भने, "यो बकबके के भन्छ?" अरूहरूले भने, "अरू कुनै विदेशी देवी-देवताहरूको प्रचार गर्नेजस्तो देखिन्छ।" किनकि तिनले येशू र मृतकबाट जीवित हुने कुराको प्रचार गर्थे। तब उनीहरूले तिनलाई अरियोपागसमा लगे र सोधे, "तपाईंले दिनुभएको यो नयाँ शिक्षा के हो, के हामी जान्न सक्छौं? किनकि तपाईं हाम्रो कानमा अनौठा कुराहरू सुनाउँदैहुनुहुन्छ। यसकारण यी कुराको मतलब के हो सो हामी जान्न चाहन्छौं।" सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो कुरा भन्न वा सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा बिताउँदनथे।"प्रेरित १७:१६-२१।**

ती "बिदेशी देवताहरू"को बारेमा पावलले बजारमा प्रचार गर्दा मानिसहरूले उनलाई अरियोपागसमा लगे। यो ठाउँ त्यस सभाघर थियो जहाँ कानुनी, दर्शन र धार्मिक विषयहरूमा छलफल गरिन्थ्यो। तिनीहरू उनबाट नयाँ शिक्षा सुन्न चाहेका थिए। ती मानिसहरुको निम्ति अनौठो भएपनि जुन जोशमा र वौद्धिक तर्क अपनाउँदै भाषण कलाबाट पावलले येशूको बारेमा सुनाए ती अनौठो भएतापनि श्रोताहरू कान ठाडो ठाडो गरेर सुन्न पुगेका थिए।

प्रेरित १७:२१मा लेखिएको छ कि ती एथेन्सका मानिसहरूले ताजा धारणा वा तर्कहरू केवल सुन्दथे, चर्चा गर्दथे तर तिनीहरूको बारेमा केही पनि गर्दैनथे। के तिनीहरू अल्छि थिए भनेर लूकाले भन्न खोजेका थिए त? नहुन सक्छ। तिनीहरू अनुभवि चिन्तक र तर्कवितर्क गर्ने मानिसहरू थिए भनेर लूकाले औंल्याउन खोजेको हुनसक्छ। सोक्रेटस, प्लेटो, र आरिस्टोटल जस्ता महान् दार्शनिकहरू ग्रीक सभ्यताले उत्पादन गरेका थिए। तिनीहरूको प्रभाव तत्कालिन समयको निम्तिमात्र होइन हाम्रै युगमा पनि परिरहेको छ।

शताब्दीयौंसम्म दार्शनिक र वौद्धिक क्षेत्रको केन्द्रविन्दु एथेन्स थिए भनेर विश्व इतिहासले औंल्याएको छ। तिनीहरूमा केही चिन्तकहरू नास्तिक थिए। नास्तिक नै भएतापनि अहिलेको सन्दर्भमा भन्दा फरक नै थिए। तिनीहरूका धेरै दार्शनिक, शिक्षादीक्षा, विश्वास र तर्कहरू बाइबलभन्दा फरक थिए। एपिक्युरियन र स्टोइकहरूको दर्शनमा पुनरुत्थान हुनुभएको मसीहको अवधारणाले ठाउँ पाउन धेरै मुश्किल थियो।

यहूदीहरूको सम्माननीय र प्रथिष्ठित धर्मगुरु गमलिएलबाट ज्ञान र भाषण कला सिकेका पावलले एथेन्समा उनलाई पवित्र आत्माद्वारा प्रयोग गरुन् भन्ने अपेक्षा गरेका थिए। तर वास्तविक रूपमा एथेन्सका बाटोघाटो, सहर बजारहरूमा व्यवहारिक शिक्षा पावलले आर्जन गरेको भरमा नै पवित्र आत्माले उनलाई बढि प्रयोग गर्न सकेका थिए। "पावलको तर्क सुन्दा ती एथेन्सका प्रवुद्ध श्रोताहरू अचम्म मानेका थिए। तिनीहरूको कलाका उपलब्धिहरू, साहित्य र धर्मप्रति पावल परिचित थिए भनेर उनले देखाएका थिए।" एलेन जी. ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. २३७।

**एथेन्सका मूर्तिपूजक र दार्शनिकहरूसँग भएको अनुभवकै आधारमा पावलले कोरन्थीहरूलाई यो लेखेका थिए, "भाइ हो, म तिमीहरूकहाँ आउँदा, ठूला-ठूला कुराहरू र बुद्धिमा परमेश्वरका गवाहीको घोषणा गर्दै आइनँ। किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।" १ कोरन्थी २:१-२। येशूको बारेमा हामीले जोसुकैलाई पनि प्रचार गरेतापनि वा सुनाएतापनि हाम्रो सन्देशको केन्द्रविन्दु येशू ख्रीष्ट नै हुनुपर्छ भन्ने ठोकुवा हामीले कसरी गर्ने?**

## ३. पावल र अपरिचित परमेश्वर

काँडा होइन गुलाफ हेर्ने बानी भएका पावलले एथेन्सका देवीदेवता र धर्भप्रति बादविवाद वा तर्क वितर्क नगरेको हामीले बुझ्नुपर्छ। ती धर्म र देवीदेवताहरू मानव आविश्कार भएतापनि तिनीहरू मिथ्याहा हो भनेर औंल्याएर ती एथेन्सका बासीहरूको चित्त दुखाएका थिएन। तर ती धर्म वा देवी-देवताहरूले औंल्याएका वा सिकाएका असल गुणहरूलाई नै आधार बनाएर पावलले प्रचार गरेका थिए।

**अनेकौं देवीदेवताहरूलाई पूजा गर्ने र विश्वास गर्ने तर सनातन सृष्टिकर्ता परमेश्वरको बारेमा अपरिचित एथेन्सका बौद्धिक समूदायमा पावलले सुसमाचार सुनाउन कस्तो प्रयास गरेका थिए? हेर्नुहोस,"पावलले अरियोपागसको बीचमा खड़ा भएर भने, "एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, किनकि घुमफिर गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे। मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा "अज्ञात देवताको निम्ति" भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु।" प्रेरित १७:२२-२३।**

"हे एथेन्सका मानिसहरू हो! प्रत्येक कुरामा तपाईंहरू धेरै धर्मात्मा हुनुभएको म देख्दछु।" प्रेरित १७:२२। ती मूर्तिपूजक मानिसहरूप्रति पावलले सराहना व्यक गरेका थिए! प्रत्येक तरिकाबाट तिनीहरूको धर्म उचितरूपमा अगुवाइ गरिएको थिएन, र तैपनि तिनीहरुको भक्तिभावप्रति पावलले सराहना गरेका थिए। आत्मिक रूपमा तिनीहरू बाइबल सम्मत नभएतापनि कमसेकम तिनीहरू नास्तिक वा धर्मविरोधीहरू त थिएन। मानिस आत्मिक प्राणी भएकोले मानिसमा आत्मिकता नहुनुभन्दा कुनै न कुनै रूपमा हुनु नै सराहनीय मान्नुपर्दछ।

पावलले आफ्नो भनाइ अघि सार्छन्, "जब म तपाईंहरूको सहर र बजारहरूमा हिँडदुल गर्दै थिएँ, तपाईंहरूले पूजा गर्ने बस्तुहरूलाई मैले गौणपूर्वक हेर्दै थिएँ।" प्रेरित १७:२३ रूपान्तरित। आफू एथेन्सको धर्मको ज्ञाता भएको सुनाउँदै ती मानिसहरूप्रति आफ्नो आदर भएको उनले विश्वस्त गराएका थिए। मानिसहरू धर्म परिवर्तन गर्नुपर्छ, तिनीहरूको आचरण परिवर्तन गर्नुपर्छ भन्ने नसुनाएर आफू कुनैको पनि विज्ञ वा विद्वान वा धर्मगुरु स्वामी नभएको आभस् तिनीहरूलाई दिलाएका थिए। वास्तविकरूपमा भन्ने हो उनी वौद्धिक र आत्मिक क्षेत्रमा जान्ने वा विज्ञ नै थिए र मानिसहरूलाई चाहिने आवश्यकताको जवाफ उनीसँग त थियो नै! तर आफू कति न कति जान्ने भएर तिनीहरूको सामु उभेका थिएनन्, यदि उभियो भने तिनीहरूले उनलाई सरासर इन्कार गर्दथे। बरू सबैको भलो चाहने मानिसहरूप्रति उनको माया र सरोकार भएको व्यक्ति भनेर आफूलाई चिनाएका थिए।

"अपरिचिन वा अजान परमेश्वर"को बारेमा टिप्पणी गरेर पावलले साझा विश्वासको बारेमा फाइदा उठाउँदै आफ्नो तर्क उनले प्रस्तुत गरेका

थिए। तिनीहरूले भगवान वा परमेश्वरलाई विश्वास गर्दथे। तर्कको सुरु गर्ने आधार यो उचित थियो। त्यस समय र अहिले पनि कतिपयले परमेश्वरको बारेमा विश्वास गर्दैन थिए र गर्दैनन् पनि। परमेश्वरमाथि गर्ने विश्वासैलाई नै आधार बनाएर आफ्नो तर्क गहिरोरूपमा पावलले अघि सारेका थिए। अजान वा अपरिति देवताको सामु भएको वेदीको बारेमा उनले आलोचना गरेनन् न त तिरस्कार नै गरे। बरू तिनीहरूले थाहा नपाएका वा नजानेका वस्तुलाई पूजा गरेर आध्यात्मिक आयाम थपेकोमा उनले सराहना गरेका थिए। धेरै देवीदेवताहरूको बीचमा त्यस अपरिचित देवता वा ढुङ्गालाई पूजा गर्नुको अर्थ तिनीहरूले विश्वास वा आस्थामा कहीँ नचुकोस् भन्ने भन्ने चाहना तिनीहरूको थियो।

ढुङ्गालाई परमेश्वर भनेर पूजा गर्दा तिनीहरूले गल्ती गरेका थिए त? थियो, तैपनि त्यसैलाई आधार बनाएर आफ्नो भनाइ अघि सार्न पावल सफल भएका थिए। तिनीहरूले नबुझेको परमेश्वरप्रति तिनीहरूको भक्ति देखाउनु नै तिनीहरूको श्रेय थियो भन्ने कुरालाई बुझ्नु महत्त्वपूर्ण मान्नुपर्दछ। त्यसै विषय बस्तुलाई आधार बनाएर पवित्र आत्माले काम गर्न सक्नुहुन्छ भन्ने कुरामा पावल विश्वस्त भएका थिए। तिनीहरूको ध्यान आकर्षित गर्ने विषयबस्तुलाई औंल्याएर आफ्नो तर्क उनले राख्न सक्नेभएका थिए।

***जब तपाईं कुनै व्यक्तिको सम्पर्कमा आउनुहुन्छ तब उसको र तपाईंको बीचमा पुल बनाउने विषयबस्तु तपाईंले कसरी भेट्टाउन सक्नुहुन्छ जसले गर्दा तपाईं र उसको बीचमा भएको दुरी कम होस्।***

## ४. नयाँ परमेश्वरलाई चिनाउने

अब एथेन्सका बुज्रुक वर्गको ध्यान पावलले सनातन स्वर्गको परमेश्वरतिर खिँच्दछन्।

**ती मानिसहरूलाई परमेश्वरको बारेमा जानकारी दिलाउन पावलले कुन तरिका अपनाएका थिए? हेर्नुहोस, "“परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। उहाँले एक जनाबाट समस्त**

**पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्‍वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।" प्रेरित १७:२४-२७।**

नचिनेको भगवानको निम्ति बेदी बनाएको अर्थ ती एथेन्सबासीहरूले आत्मिक तत्वहरूमा चासो देखाएका थिए भनेर प्रमाणित गर्दछ। ती मानिसहरूको निम्ति पावलको वचन कौतुहलको विषय थियोः सृष्टिकर्ता परमेश्वर मानिसको हातले बनाएको मन्दिरमा बस्नुहुन्न। उहाँको आवश्यकतालाई मानिसले परिपूर्ति गर्दैन बरु मानिसको आवश्यकतालाई उहाँले पूरा गर्नुहुन्छ। तत्कालिन ग्रीक पौराणिकका देवीदेवताहरुको चित्रण मानव स्वभावको जस्तै थियो। तिनीहरू रिसाहा, भोको, स्वार्थी, निर्दयी र मानिसहरूको पूजाप्रति तिनीहरू भोको थिए। त्यसको बिपरित पावलले प्रस्तुत गरेका पर अत्यन्तै अचम्म र कौतुहलको विषय थियो। आरोपागसका मानिसहरूले विश्वासको वा परमेश्वरको प्रेमको अनुभव गर्न  पहिलो बालक कदम चालेका थिए।

तिनहरूले नचिनेका परमेश्वर अब तिनीहरूले चिन्न सक्ने भएका थिए! हो, उहाँलाई सबैले चिनुन भन्ने नै उहाँको चाहना हो।

हामीले थाहा पाएको भन्दा पावलले आरियोपागसमा धेरै वचनहरु बोलेको हुनसक्छ। स्थानको अभावले लूकाले पावलको सम्बोधन केवल सारमामात्र उतारेका थिए। जे हामीलाई थाहा छ त्यसलाई मध्यनजरमा राखेर पावलको सम्बोधनमा यी धारणाहरू प्रकट गरेको हुनुपर्छः

१ एथेन्स बासीहरूको आत्मिक सजगता र इमान्दारीतालाई पावलले सराहना गरेका थिए।

२ तिनीहरूको आस्था, साहित्य र धर्मको बारेमा केहीमात्र भएपनि उनले सिकेका र त्यसको आधरमा तिनीहरूलाई सम्मान गरेको उनले व्यक्त गरेका थिए।

३ तिनीहरूको धर्मको बारेमा अध्ययन गर्दा तिनीहरूले नबुझेको केही विषयबस्तुहरूमा आफ्नो आफ्नो ध्यान गएको उनले बताएका थिए।

४ त्यसपछि आफूलाई थाहा भएको परमेश्वरको बारेमा ज्ञान उनले बताए। त्यो आत्मज्ञान तिनीहरूलाई अत्यावश्यक भएको पनि उनले तिनीहरूलाई

महसुस गराए। सनातन सृष्टिकर्ता परमेश्वरको अस्तित्व छ र उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र उहाँ धेरै टाढा बस्नुहुन्न।

५ आखिरमा, आफ्नो सम्बोधनको अन्तमा तिनीहरूले थाहा पाइसकेका परमेश्वरलाई अस्वीकार गर्दा त्यसको परिणाम के हुनेछ भनेर उनले तिनीहरूलाई सजग गराएका थिए।

तिनीहरूकै विश्वासलाई आधार बनाएर पावलले जे भन्नुपर्ने हो सो तिनीहरूलाई बताएका थिए। यदि त्यतिसम्म उनले बोल्ने अवसर पाएकोले सुसमाचार प्रचारमा उनले प्रगति गरेको भन्नुपर्दछ।

***परमेश्वर संसारको सृष्टिकर्ता हुनुभएकोले उहाँको उपासना गर्नुपर्ने आवश्यक भएको उनले जानकारी दिएका थिए। यस सन्दर्भमा रोमी १:१८-२५ पनि पढ्नुहोस्। प्रायजसो सबै मानिसहरूको सामु पावलको तरिका सुरुमा किन असल मान्नुपर्दछ? सृष्टिको बारेमा के छ जसले परमेश्वरको बारेमा प्रभावकारीरूपमा औंल्याउँछ?***

## ५. आफ्नो हदलाई नागेर

पावलले आफ्नो सम्बोधनलाई कसरी निरन्तरता दिन्छन्? हेर्नुहोस्, "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' "तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन- यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। किनकि

**उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।" जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला गरे। तर अरूहरूले चाहिँ "हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं" भने। त्यसपछि पावल तिनीहरूका बीचबाट गए। तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरूहरू पनि थिए।"प्रेरित १७:२४-३४।**

एथेन्सका साहित्यहरूप्रति आफू परिचित छु भनेर देखाउन पावलले तिनीहरूकै कविहरू मध्ये एक जनाको श्लोकलाई उतारेर तिनीहरूलाई सुनाएका थिए। त्यस श्लोकको धारणा बाइबलको सत्यसँग मिल्दोजुल्दो थियो। तिनीहरूको परिचित भनाइलाई अगाडि सार्दा श्रोताहरूको ध्यान उनीतर्फ गएको थियो। तिनीहरूको साझा विश्वासमा सहमत हुँदै उनले आफ्नो तर्क अघि बढाएका थिए। मनिसहरूले विश्वास गरेकै साझा विषयबस्तुलाई औँल्याएर सत्यलाई अघि सार्दा तिनीहरूको ध्यान प्रभावकारीरूपमा आकर्षित गर्ने पावलको तरिका अत्यन्तै उपयुक्त थियो।

साझा विश्वासलाई आधार बनाएर आफ्नो तर्क अघि सार्नेक्रममा तिनीहरू कुन विषयबस्तुमा पुग्नुपर्ने हो उनले पुऱ्याएका थिएः येशूको पुनरुत्थान र यसले प्रदान गर्ने सबैको निम्ति आशा। उनको तर्कको प्रतिक्रिया कस्तो थियो भनेर लूकाले वर्णन गर्दछन्। कसैले हँस्सी उठाए; अरूहरूले यस विषयमा पावलबाट अझै सुन्न चाहेको; अरूहरूले विश्वास गर्न पुगेका थिए। यस कथाको मूख्य विषयबस्तु यो थियो कि सबैले पावललाई सुनेका थिए, त्यही नै पावलको आशाको सुरु थियो।

जब हामी सुसमाचार लिएर मानिसकहाँ पुग्छौं, हामीलाई थाहा छ कि कतिपयले त्यसलाई अस्वीकार गर्न सक्छ। तर तिनीहरूले अस्वीकार गर्नुभन्दा अघि हामीले गर्नुपर्ने सबै प्रयास गर्नुपर्छ। तिनीहरूले के अस्वीकार गरे त्यो तिनीहरूले बुझ्नु आवश्यक छ। पावलले एथेन्सका मानिसहरूसँग काम गरेको तरिका र तिनीहरूबाट सिकेका कुरालाई रणनीति बनाएर मानिसहरूको दिमाग खोलेका थिए। सृष्टिकर्ता परमेश्वरको अस्तित्वको बारेमा तिनीहरूलाई सजग गराएका थिए। त्यस परमेश्वारले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरूले

उहाँलाई चिनोस् भन्ने उहाँ चाहनुहुन्छ भन्ने जानकारी तिनीहरूले पाएका थिए। तिनीहरूको अज्ञानताको बाबजुद पनि उहाँ  तिनीहरूलाई दया देखाउनुभएको थियो। तर न्यायको दिन आउँदैछ। यो कुरा विश्वास गर्न सम्भव नभएतापनि ख्रीष्टको पुनरुत्थानले न्यायको समयलाई प्रमाणित गर्दछ भनेर पावलले बुझाउन खोजेका थिए।

अब मानिसहरूले उनको सन्देश सुनिसकेका थिए र त्यसलाई बुझ्न पनि सकेका थिए। अब त्यस सन्देशलाई आफू खुशी रोज्ने कि अस्वीकार गर्ने त्यसको आत्मनिर्णयको अधिकार तिनीहरूलाई नै दिएको थियो। यस मामिलामा थप जानकारी लिन समय पनि तिनीहरूलाई दिएका थिए।  कतिले खोजनीति गरेर येशूलाई विश्वास गर्न पुगेका थिए।  प्रेरित १७:३४।

**चुनौती**: *तपाईंले चिन्नु भएको मानिसलाई गवाही कसरी दिने भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस् र उहाँको अगुवाइको  अपेक्षा गर्नुहोस्।*

**चुनौतीको निरन्तरताः** *प्रभुलाई विश्वास नगर्ने मानिसहरूकहाँ पुग्न सामाजिक सञ्जालबाट आफ्नै अरियवपेगस पत्ता लगाउनुहोस् ताकी पावलले जस्तै बुद्धिपुऱ्याएर सुसमाचारको स्पष्टतालाई तपाईंले प्रस्तुत गर्न सकोस्।*

**उपसंहार:**

**थप जानकारी: आरियोपागसमा पावलको अनुभवले हामीले एउटा मूल पाठ सिक्नु जरुरी छ। परमेश्वरलाई नचिन्ने वा थाहा नपाउने मानिसहरूकहाँ हामी कसरी पुग्नुपर्छ भन्दा पावलको अनुभवलाई हेर्नु पर्दछ। उनी मानिसहरूकै बीचमा रहेर तिनीहरूको आवश्यकता के हो र तिनीहरूकहाँ कसरी पुग्नुपर्छ भनेर अध्ययन गरेर सिकेका थिए। त्यसको फलस्वरूप, एथेन्समा उनले विश्वासीहरूको सानो झुण्ड खडा गर्न सकेका थिए।**

"प्रेरणाद्वारा वर्णन गरिएको पावलका वचनहरु र त्यस स्थानको वातावरण र मनस्थितिको बारेमा दिएको जानकारी सबै पुस्ताका सुसमाचार सुनाउने येशूभक्तहरूले सिक्नु जरुरी छ। पावल  निडर र अटल भएर परमेश्वरको बारेमा साक्षी दिन उहाँलाई विश्वास नगर्ने वा नचिन्ने मूर्तिपुजकहरूको बीचमा खडा भएका थिए। एक्लै भएपनि र विरोधीहरूको सामना गर्नुपरेतापनि उनको साहसले गर्दा येशूलाई विश्वास गर्ने झुण्ड खडा गरेका थिए। उनको उदाहरण अनुसरणीय छ।

"चर्चको निम्ति पावलका वचनहरू ज्ञानको भण्डार समावेश भएको छ। उनी अभिमानी श्रोतावर्गहरुको बीचमा खडा भएका थिए। उनी आफू को हो भनेर मनमा राखेर हतवत सुसमाचार सुनाउन सक्थे तर, ती श्रोतावर्ग तिनीदेखि रिसले चूर हनसक्थे र उनलाई कठिन परिस्थिति खडा गर्न सक्थे।

यदि उनको भाषण कला वा प्रचार गर्ने शैलीले त्यस सभ्यताका देवीदेवता र सहरका महान् विद्धवानहरूलाई सिधै आक्रमण गरे उनी सुकरातकै गतिमा पुग्न सक्थे (उनलाई विषको प्याला ख्वाइएको थियो) । तर परमेश्वरको प्रेमको कौशलतालाई प्रयोग गरेर मानिसहरूको दिमाग मानव निर्मित देवी देवताहरूबाट परमेश्वरतिर लगाउन सकेका थिए। तिनीहरूले थाहा नपाएको देवतालाई नै आधार बनाएर सत्य परमेश्वरतिर ध्यान आकर्षित गर्न सफल भएका थिए।" एलेन जी. ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. २४०-२४१ ।

पावल सिधै मानिसहरूका बीचमा रहेर तिनीहरूसँग उठबस गरेका थिए। तिनीहरूको संस्कार, धर्म, साहित्य र संस्कृतिको अध्ययन गरेका थिए । तिनीहरूको आत्मिक वस्तुहरूप्रतिको भक्ति उनले सम्मान गरेका थिए। एथेन्सका मानिसहरूका बिचमा उनले उल्लेखनीय रूपमा काम कसरी गरे भन्ने ज्ञान चर्चको निम्ति ज्ञानको दौलत हुन सक्छ। उनले श्रोताहरूलाई रिस नउठाउन सजग भएका थिए। उनको वचनलाई सुनाउन सक्नु नै उनीबाट परमेश्वरले उल्लेखनीय काम गर्न सक्नुभएको थियो। एलेन जी. ह्वाइटको अनुसार यो तरिका ज्ञानको भण्डार हो जुन हामी चर्च भएको हैशियतले ध्यान दिनु जरुरी छ।

**चिन्तनमनन:**

अ. एथेन्समा पावलले प्रयोग गरेको नमुना अनुसार सहरमा सुसमाचार सुनाउने पहिलो कदम कसरी चाल्नुपर्दछ?

आ. सहरमा होस् वा जहाँ र जोसुकैसँग होस्, परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूको बीचमा येशूभक्तले कसरी पुल खडा गर्न सकिन्छ? येशूका भक्तहरूमा कस्तो खालको व्यवहार हुनुपर्दछ?

इ. ढुङ्गाका मूर्तिहरूमात्र अरु जुनसुकै आधुनिक मूर्तिहरूप्रति आसक्त हुनेहरूलाई सुरुमै कुन तरिका वा नीति अपनाउनुपर्छ जसले गर्दा तिनीहरूको ध्यान हामीतिर खिँचोस्?

ई. परमेश्वरले प्रेम गर्नुहुन्छ भनेर सुनाएपछि पावलले आफ्नो काम रोक्न सक्दथ्यो। त्यसपछि मानिसहरू खुशी नहुने त होइन। तर जब उनले येशूको पुनरुत्थानको बारेमा कुरा सुनाए तब उनी आफ्नो सीमा नागेर बोलेका थिएनन् र? के उनले त्यो गर्नु आवश्यक थियो त? किन थियो वा थिएन?

## कथा १०

## हँसियाद्धारा आक्रमण

## नान्सी

## घाना



पश्चिम अफ्रिकाको घाना देशमा १३ वर्षीकी नान्सी तिखो हँसिया लिएर स्कुलमा हिँडिरहेकी थिइन्। शिक्षकले स्कुलको वरिपरि उम्रिरहेका घाँसहरू काट्न सहयोग गर्न अनुरोध गरेकी थिइन्। नान्सीले बाबुबको हँसिया लिएर घाँस काट्न तयार भएकी थिइन्। अनि नराम्रो घट्ना भयो। स्कुल जाँदा जाँदै उनको १६ वर्षकी आफन्त आकुवाको भेट भयो। बाटोमा जाँदा जाँदै तिनीहरूको बीचमा झगडा हुन थाल्यो। नान्सीले आकुवाको बारेमा नराम्रो हल्ला फैलाएको आकुवाले आरोप लगाइन् तर त्यो झुट हो भनेर नान्सी रिसले भनिन्। जब तिनीहरूको झगडा झन चर्को भयो तब नान्सीको हातबाट हँसिया खोसेर उनलाई काट्न धम्कि दिइन्। त्यसैबेला नान्सीको बुबा देखा परे र तिनीहरूको झगडा साम्य पार्न प्रयास गरे। नान्सीलाई हँसियाले काट्न खोजेको बेलामा दुई केटीहरूको बीचमा बाबु आए। हँसियाले बाबुको नाकको चुच्चो आकुवाले काटिन्।  नान्सी रोएर चिच्याएकी थिइन्। उनको हृदय छियाछिया भयो। बाबुलाई अस्पतालमा हतपत लगियो। नान्सी बाबुसँग अस्पताल जान खोजेकी थिइन् तर कसैले उनलाई रोक्यो। रिसले आकुवासँग बदला लिन खोजेकी थिइन् तर कसैले आकुवालाई लिएर गयो। दुर्भाग्यवस, डाक्टरले बाबुको नाक जोड्न सकेन। घाउलाई उपचार गरेपछि बुबालाई एस्थर नाउँ गरेकी नर्सको रेखदेखमा डाक्टरले छोडे। केही दिनसम्म बाबु निको नहुञ्जेल अस्पतालमै बसे। एस्थरको स्याहारले बाबु प्रभावित भएका थिए। उनले नान्सीलाई चर्चसँग परिचित गराए। "उनी असल नर्स हुन्। र म जहिले पनि तिमी नर्स भएको चाहना गरेको छु," बाबुले नान्सीलाई भने। एस्थरले बाबुलाई स्याहारेकी नान्सीले देखिन् र उनी पनि प्रभावित भइन् र आफू नर्स बन्ने निर्णय गरिन्।

धेरै वर्षपछि नान्सी हाइस्कूल सिध्याइन्। उनी नर्स अध्ययन गर्न स्कुल खोजिन्। उनले सेभेन्थ-डे एडभेन्टिस्ट नर्सिङ्ग कलेज भेट्टाइन्। त्यहाँ उनी प्रवेश गर्न चाहिन् तर उनी एडभेन्टिस्ट नभएकोले त्यहाँ भर्ना हुन सक्दैन भनेर जवाफ पाइन्। त्यो कलेज केवल एडभेन्टिस्टहरूको मात्रै थियो भनेर उनलाई सुनाइएको थियो। तर कलेजले उनलाई भर्ना गऱ्यो। त्यहाँ धेरै विद्यार्थीहरू एडभेन्टिस्ट नभएको थाहा पाइन्, अझ कतिपय त इसाई पनि थिएन।

नान्सी जहिले पनि आफू इसाई भएको ठानेकी थिइन् तर जब उनी कलेजमा साप्ताहिक प्रार्थना सभामा भाग लिइन् उनको सोच बदलिएको थियो। आफू येशूभक्तको जीवन नबिताएको उनलाई महसुस भयो। उनी साँच्चिकै येशूभक्त हुने चाहना गरिन्। साप्ताहिक आत्मिक जागरण सभाको अन्तमा उनले आफ्नो जीवन येशूलाई सुम्पिने निर्णय गरिन् र बप्तिस्मा लिइन्। आज नान्सी २२ वर्षकी छिन् र नयाँ स्त्री भएकी छिन्। जब उनले आफ्नो हृदय येशूलाई सुम्पे उनी पूरै नयाँ व्यक्ति भएकी थिइन्। पहिला उनले केवल चर्चमा मात्र बाइबल पढ्थिन्, अब अरू दिनहरूमा पनि बाइबल पढ्न थालेकी छिन् र आफ्नो कोठामा प्रत्येक दिन व्यक्तिगत उपासना गर्न थालेकी छिन्। नर्स भएर अरूहरूको सेवा गर्न उनलाई आतुरी भएको छ। उनी आफ्नो पढाइ अघि बढाएर डाक्टर पनि हुने चाहना गरेकी छिन्।

"जब म बप्तिस्मा लिन्छु भनेर मेरो बुबालाई मैले भनें उहाँ धेरै खुशी हुनुभएको थियो। उहाँलाई मेरो विगतको जीवनको बारेमा थाहा छ। कलेजमा गएर मेरो जीवन परिवर्तन भएर नयाँ जीवन पाएकोले उहाँ खुशी हुनुभएको छ," नान्सीले सुनाइन्।

*-आन्ड्र्यु मेकचेस्नी*